फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०७९।०४।०१)

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६३, मिति २०७९।०३।२२ गतेको पत्रानुसार मिति २०७९।०३।२५ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन भएको सूचना बमोजिम हुनेगरी यस कार्यालयको रोजगार सेवा केन्द्रका लागि करारमा आवश्यक रोजगार सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. करार सेवामा आवश्यक जनशक्ति विवरण र योग्यताः

| सि.नं. | विज्ञापन नं. | पद तह | माग संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १. | १-०७९।०८० | रोजगार सहायक, सहायक पाँचौं | १ | १. कम्तिमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण ।<br>२. १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।<br>३. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको। |

२. दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः फलेवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ, पर्वत

३. दरखास्त दिने अन्तिम मितिः २०७९।०४।१५ गतेसम्म कार्यालय समय भित्र

४. दरखास्त दस्तुरः रु. ५००।– (पाँच सय मात्र)

५. छनौटको किसिम/आधारः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा र प्रयोगात्मक परीक्षा।

६. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, तालिमको प्रमाणपत्र, २ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

७. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ दफा १३ र १४ बमोजिम ।

अन्य थप जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभपेज www.pmep.gov.np तथा यस कार्यालयको वेभपेज www.phalewasmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत